दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

**नैतिक आचरणको पालना गरौं**
-झुट, छलकपटजस्ता अनैतिक क्रियाकलापबाट टाढा गरौं ।
-आफ्नो कर्तव्यप्रति इमान्दार बनौं ।
-असहाय, वृद्ध, अपाङ्गता भएको व्यक्तिलाई सहयोग गरौं ।
-कानून र विधिको पालना गरौं ।
भ्रष्टाचार, बेइमानी जस्ता अनैतिक क्रियाकलाप विरुद्ध आवाज उठाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष ३७ | अंक ५५ | बुटवल | २०८१ फागुन ०६, गते मंगलबार | नेपाल संवत ११४५ | Tuesday Feb. 18, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# महाकुम्भ मेलाबाट फर्किंदा देवदहका तीन जनाको मृत्यु, चार घाइते

मृतक गणेशका ७० वर्षका बुवाले महाकुम्भ मेलामा नजाऊ भनेका थिए । तर गणेशले छिमेक र चिनजानका धेरै जना पनि जाने भन्दै बुबाको कुरा मानेका थिएनन् । दम्पतिसहित तीनजनाको मृत्युपछि भलुही शोकमा डुबेको छ ।





**लुम्बिनी संवाददाता**

*बुटवल*

भारत उत्तरप्रदेशस्थित प्रयागराजमा जारी महाकुम्भ मेला सहभागी भएर फर्किँदै गर्दा भएको सवारी दुर्घटनामा परी रुपन्देही देवदहका तीन जनाको मृत्यु भएको छ ।

रुपन्देहीको देवदहबाट शुक्रबार ३५ जनाको टीम कुम्भमेला प्रस्थान गरेको थियो । मेलामा स्नान गरी फर्किँदै गर्दा सोमबार सात जना सवार कार डिभाइडरमा ठोक्किएर दुर्घटना भएको हो । सो दुर्घटनामा परी देवदह-९ भलूहीका गणेश खनाल र उनकी श्रीमती दीपा खनाल र ४० वर्षकी गीता शर्माको निधन भएको इलाका प्रहरी कार्यालय बेलहिया (सुनौली) का इन्स्पेक्टर मुकेश न्यौपानेले जानकारी दिए । दुर्घटनामा पाँच जना घाइते भएका छन् ।

घाइते हुनेहरुमा देवदह- ९ भलूहीकी कोपिला पोखरेल, उनका छोरा शुभम पोखरेल, आविष्कार पराजुली, यमकलादेवी मगर र सवारी चालक भारतीय नागरिक रितेश दुवे रहेका छन् ।

यूपी ५३ एफ डी ४२८८ नम्बरको भारतीय कार सोमबार बिहान आजमगढ वाराणसी रोडको डिभाइडरमा ठोक्किएर दुर्घटना भएको हो ।

मृतक ४५ वर्षीय गणेश पेशाले गाडी चालक र फेन्सी पसले थिए । उनी रिजर्भमा गाडी चलाउँथे । श्रीमतीले पसल हेर्थिन् । गणेशका एक छोरा एक छोरी छन् । छोरी कक्षा १० मा र छोरा कक्षा ७ मा देवदहको सगरमाथा बोर्डिङ स्कूलमा पढ्छन् ।

घाइतेहरुलाई स्थानीय अस्पतालमा सामान्य उपचारपछि थप उपचारका लागि गोरखपुर पठाइएको छ । चालक निदाएर दुर्घटना भएको हुनसक्ने भारतीय प्रहरीको प्रारम्भिक अनुमान छ ।

मृतक गणेशका ७० वर्षका बुवाले महाकुम्भ मेलामा नजाऊ भनेका थिए ।

दुःखद घटनाका कारण भलूही शोकमा डुबेको देवदह नगरपालिकाका प्रवक्ता गणेश डुम्रेले बताए ।

मृतकको शव नेपाल ल्याउने प्रक्रिया अघि बढाइएको बताइएको छ ।

भारतको प्रयागराजमा १४४ वर्षमा हुने महाकुम्भ मेला यसवर्ष चलिरहेको छ ।

कुम्भ मेला भने हरेक १२ वर्षमा चल्छ । दैनिक एक करोडभन्दा बढीले नदीमा स्नान गर्ने यो पवित्र स्थलमा भारतको सबैभन्दा पवित्र मानिने गंगा, यमुना र पौराणिक सरस्वती नदीको संगम समेत छ ।

# प्रचण्डका धेरै षड्यन्त्रको पर्दाफास गरिदिन नपरोस् : प्रधानमन्त्री

**रानीमहललाई कालीगण्डकी नदीको कटानले जोखिममा पारेकाले तत्काल सुरक्षित बनाउने काम गर्न प्रधानमन्त्रीले आग्रह गरेका छन् ।**



**लुम्बिनी संवाददाता**

*दाङ*

प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई 'धेरै बकबास गरेर नहिँड्न' चेतावनी दिएका छन् ।

दाङको घोराहीमा नेकपा एमाले जिल्ला कमिटीद्वारा आयोजित जनसभालाई सम्बोधन गर्दै ओलीले यस्तो चेतावनी दिएका हुन् ।

सत्ताबाहिर पुगेपछि माओवादी अध्यक्ष प्रचण्डले आत्तिएर अनेक आरोप लगाएको उनको टिप्पणी थियो । उनले एमालेविरुद्ध आउने कुनै हल्लाको पछाडि नलग्न आग्रह पनि गरे ।

लोकतन्त्र र लोकतान्त्रिक आन्दोलनमा लागेकालाई राजासँग मिलेर मास्छौं भनेर हिँडेकाहरू अहिले बाध्यताले लोकतन्त्रसँग सम्झौता गर्न आएका र उनीहरू नै लोकतन्त्रका मसिहा बनेका भन्दै प्रधानमन्त्री ओलीले चेतावनीको भाषामा भने, 'माओवादीले तत्कालीन राजा ज्ञानेन्द्रसँग लोकतन्त्र मास्ने र प्रचण्ड प्रधानमन्त्री बन्ने गरी सम्झौता गरेको थियो। त्यस्ता मान्छेले हामीलाई लोकतन्त्रको दुहाइ दिन सुहाउँदैन । धेरै बकबास गरेर हिँड्ने हो भने प्रचण्डका धेरै षड्यन्त्रको पर्दाफास गरिदिन नपरोस् ।'

प्रधानमन्त्री ओलीले पार्टीका महासचिव शंकर पोखरेललाई चुनाव नजिताउँदा दाङ विकासमा पछि परेको समेत बताए । यसैबिच प्रधानमन्त्री ओलीले लुम्बिनी प्रदेश पूण्य भूमि भएको बताएका छन् । लुम्बिनी प्रदेशसभा बैठकमा विशेष सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले लुम्बिनी प्रदेशमा थुप्रै ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्पदा रहेको उदाहरण दिंदै लुम्बिनी प्रदेश नै पवित्र भएको बताए । लुम्बिनी प्रदेश हिमाल, पहाड र तराई मिलेर बनेको हुँदा पर्यटनका लागि समेत अनेक तिर्थस्थल र प्राकृतिक सौदर्न्यले भरिपूर्ण रहेको चर्चा गरे ।

'यो प्रदेश अन्त्यन्त पवित्र छ । किन भने पूर्वमा नारायणी, पश्चिममा कर्णाली नदी छ । अन्त्यन्तै प्रतिष्ठित धार्मिक र पूण्य स्थलहरू छन्,' उनले भने-'विश्व शान्ति र करुणा फैलाउने भगवान बुद्धको जन्म थलो हो यो । यही भूमिमा भगवान बुद्ध अगाडि कपिलमूनी नामका महान विद्वान दार्शनिक थिए । कपिल आश्रम यसै ठाउँमा छ । लुम्बिनी, रामनगर यस ठाउँमा छ ।'

लुम्बिनीमा रानीमहल उनले यस्ता थुप्रै पर्यटकीय स्थल पनि भएको बताए । प्रधानमन्त्री ओलीले स्वर्गद्वारी, श्रृंग ऋषिको आश्रम रुरु (रिडी), मान्डव्य ऋषिको तपोभूमि, रेसुंगा, गजेन्द्र मोक्षधाम, अष्टाङ्ग योग र पतञ्जलीको भूमि खिदिम, भगवान विष्णुको क्रिडास्थल त्रिवेणी, पाणिनीलगायत धार्मिक स्थान लुम्बिनी प्रदेशमै रहेको चर्चा गरे ।

प्रधानमन्त्री ओलीले रानीमहललाई कालीगण्डकी नदीको कटानले जोखिममा पारेकाले तत्काल सुरक्षित बनाउने काम गर्न आग्रह गरे ।

प्रधानमन्त्रीले अंग्रेज फौजलाई परास्त गरेको बुटवलको जितगढी किल्ला र कर्णेल उजिरसिंह थापाको समेत प्रसंग निकाल्दै लुम्बिनी प्रदेश बहादुरहरुको भूमि भएको बताए । प्रधानमन्त्री केपी शर्मा ओलीले आफूलाई सरकारबाट हटाउन कुनै बल गर्नुनपर्ने, समय पुगेपछि आफैं छाड्ने बताएका छन् ।

'अब १७ महिना मैले प्रधानमन्त्री चलाउँछु । १७ महिनापछि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाजीलाई प्रधानमन्त्रीत्व छोड्छु। यो त डिक्लेयर छ', ओलीले भने-'आफैं छोड्छु नी मैले । केपी ओलीलाई हटाउनकालागि कुनै बल लगाउनु पर्दैन । आफैं छोड्छु बेला पुगेपछि ।'

सम्बोधनका क्रममा उनले १७ महिनालाई तोप हानेपनी सरकार नढल्ने बताएका हुन् ।

# उडिसामा नेपाली विद्यार्थीको शंकास्पद मृत्युपछि तनाव




बुटवल । भारतीय राज्य ओडिसाको राजधानी भुवनेश्वरस्थित कलिङ्गा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआइआइटी) मा बीटेक अध्ययनरत भैरहवाकी प्रकृति लम्सालको मृत्युको विषयलाई लिएर तनाव भएको छ ।

विद्यार्थीहरुले प्रकृतिको मृत्यु शंकास्पद भएको भन्दै छानविन गर्न र दोषीलाई कारबाही गर्न माग गरेका छन् । विश्वविद्यालय प्रशासनले विद्यार्थीहरुले प्रदर्शन गरी तनाव दिएको भन्दै नेपाली विद्यार्थीहरुलाई होस्टल खाली गरेर घर फिर्ता पठाएको छ ।

नयाँदिल्लीस्थित नेपाली दूतावासले विश्वविद्यालयका प्रतिनिधिसँग कुरा गरेको र नेपाली विद्यार्थीको सुरक्षा व्यवस्था मिलाउन आग्रह गरेको जनाएको छ। दुतावासको पहलकदमीपछि विश्वविद्यालय प्रशासनले होस्टलमा फर्कन विद्यार्थीलाई आग्रह गरेको छ ।

दिल्लीस्थित नेपाली दूतावासले उडिसाको घटनाबारे विज्ञप्ति जारी गर्दै नेपाली विद्यार्थीहरूलाई शैक्षिक संस्थाको छात्रावासमा बस्ने प्रबन्ध मिलाउन अनुरोध गरिएको र त्यस अनुसार नै शैक्षिक संस्थाले व्यवस्था गरेको जनाएको छ ।

राजदूत शंकर शर्माले शैक्षिक संस्थाका रजिस्ट्रारलगायतका प्रतिनिधिहरूसँग छलफल गरेको पनि विज्ञप्तिमा उल्लेख छ ।

'राजदूतावासले सो शैक्षिक संस्थामा रहेका नेपाली विद्यार्थीहरूको सुरक्षा सुनिश्चित गर्दै शैक्षिक संस्थाको छात्रावासमा नै बस्ने प्रबन्ध मिलाउन अनुरोध गरेको थियो । त्यसैगरी, उक्त शैक्षिक संस्थामा रहेका नेपाली विद्यार्थीहरूको कक्षा सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाउन समेत अनुरोध गरिएको थियो,' विज्ञप्तिमा भनिएको छ-'यस राजदूतावासबाट अनुरोध भएबमोजिम उक्त शैक्षिक संस्थाले सोहीअनुसार विद्यार्थीहरूलाई छात्रावासमा बस्ने व्यवस्था मिलाई नेपाली विद्यार्थीहरूको लागि कक्षा सञ्चालनको व्यवस्था गर्ने जानकारी यस राजदूतावासलाई गराएको छ ।'

उक्त शैक्षिक संस्थाकी विद्यार्थी प्रकृति लम्सालको मृत्युको सम्बन्धमा भने निष्पक्ष अनुसन्धानमा जोड दिएको र संस्थाले पनि गम्भीरतापूर्वक लिने प्रतिबद्धता व्यक्त गरेको जनाएको छ ।

दूतावासले नेपाली नेपाली विद्यार्थीलगायत भारतको केन्द्रीय सरकार एवं उडिसाको मुख्यमन्त्री कार्यालय तथा अन्य सम्बन्धित भारतीय निकायहरूसँग पनि सम्पर्क गरिरहेको उल्लेख गरेको छ। इन्स्चिट्यूटले पनि सूचना जारी गर्दै नेपाली विद्यार्थीहरूले छात्रावासमै बस्न पाउने जनाएको हो ।

रुपन्देही घर भएकी २० वर्षीया प्रकृति लम्साल आइतबार साँझ विश्वविद्यालयको होस्टलमा मृत भेटिएकी थिइन् । उनी केआइआइटीमा बिटेक तेस्रो वर्षमा अध्ययनरत थिइन् ।

भारतीय सञ्चारमाध्यमहरूले प्रहरीको प्रारम्भिक अनुसन्धानबाट उनको मृत्यु शंकास्पद देखिएको बताएका छन् ।

उक्त घटनामा प्रहरीले एक जना छात्रलाई पक्राउ गरेको इन्डियन एक्स्प्रेसले जनाएको छ । पक्राउ पर्नेमा प्रकृतिकै सहपाठी एडविक श्रीवास्तव छन् । उनीमाथि अनुसन्धान भइरहेको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

पक्राउ परेका युवकविरुद्ध प्रकृतिले यसअघि पनि विश्वविद्यालय प्रशासनलाई उजुरी दिएको खुलेको छ ।

यद्यपि विश्वविद्यालयले उजुरीमा कुनै पनि कारबाही प्रक्रिया अगाडि नबढाएको नेपाली विद्यार्थीहरूको गुनासो छ ।

घटनापछि नेपाली विद्यार्थीहरूले प्रदर्शन समेत गरेका थिए । त्यहाँ रहेका नेपाली विद्यार्थीहरूले प्रदर्शनपछि दोषीलाई कारबाही गर्न समन्वय गर्नुको सट्टा नेपाली विद्यार्थीहरूलाई होस्टेल छाड्न भनिएको थियो । भारतमा नेपाली विद्यार्थीको मृत्यु भएको भन्दै नेपालमा पनि घटनाको विरोध प्रदर्शन गरिएको छ । नेपाली युवा विद्यार्थीहरू लैनचौरस्थित भारतीय राजदूतावास अगाडि प्रदर्शन गरेका हुन् । उनीहरूले 'प्रकृतिलाई न्याय देऊ', 'नेपाली विद्यार्थीमाथिको आक्रमण बन्द गर', 'गोर्खेले अन्याय सहँदैन'लगायतका प्लेकार्ड बोकेर घटनाको विरोध गरिएको हो ।

भारतको उडिसास्थित कालिंगा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजीमा बी टेक तेस्रो वर्षमा अध्ययनरत प्रकृति लम्सालको मृत्यु भएको हो ।



## सम्पादकीय

# प्रकृतिको मृत्युको छानविन हुनुपर्छ

भारतीय राज्य ओडिसाको राजधानी भुवनेश्वरस्थित कलिङ्गा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआईआईटी)मा बीटेक अध्ययनरत नेपाली विद्यार्थी प्रकृति लम्सालको मृत्युको विषयलाई लिएर तनाव भएको छ। प्रकृतिको मृत्युको छानविन गर्न माग गर्ने नेपाली विद्यार्थीलाई घर पठाउने निर्णय गर्ने विश्वविद्यालय प्रशासनको निर्णय निन्दनीय छ।

प्रकृतिको मृत्यु विश्वविद्यालय प्रशासनले आत्महत्या भने पनि शंकास्पद भएको भन्दै विद्यार्थीले छानविनको माग गर्ने बित्तिकै विश्वविद्यालय प्रशासन उत्तेजित भएर घर पठाउने निर्णय अस्वाभाविक र अमर्यादित छ। विद्यार्थीसँग कुनै विवाद भए छलफलबाट समाधान गर्नुको साटो घर पठाउने निर्णयले विद्यार्थीको पढ्न पाउने अधिकार हनन भएको छ। विद्यार्थीको ज्यान गएको घटनालाई विश्वविद्यालय प्रशासनले नै छानविन गर्न तत्परता देखाउनुपर्नेमा विद्यार्थीलाई घर पठाउने निर्णय विश्वविद्यालय प्रशासनको खेलाँची हो। यद्यपी घटना लगत्तै लम्सालको मृत्यु भएपछि उनलाई दुर्व्यवहार गर्ने व्यक्तिलाई प्रहरीले पक्राउ गरी अनुसन्धान सुरु गरेको भारतीय सञ्चार माध्यमहरुले जनाएका छन्।

नेपाली विद्यार्थीहरुलाई तत्काल छात्रवास छाड्न उर्दी दिइएको थियो। उनीहरुलाई रेल्बे स्टेशनमा छाडिएको थियो। अध्ययन छात्रा लम्सालको मृत्यु र विद्यार्थीलाई छात्रावासबाट निकालेर घर पठाइएको बारे सरकारले कुटनीतिक संयन्त्रबाट काम गरिरहेको प्रधानमन्त्री केपी शर्मा ओलीले सामाजिक सञ्जालबाट जानकारी दिएका छन्। दिल्लीस्थित नेपाली दुतावासले पनि घटनापछि भारतको केन्द्रीय सरकार, उडिसा राज्य सरकारसँग सम्पर्कमा रहेर काम गरिरहेकोले सरकारले घटनाको संवेदनशिलतालाई ख्याल गरेर अघि बढेको देखिन्छ।

अहिले अध्ययन र रोजगारीका शिलशिलामा धेरै नेपाली विदेशमा छन्। कुनै ठाउँमा असामान्य अवस्था निम्तिने बित्तिकै जोखिम रहेकोले नागरिकको सुरक्षाका लागि ती देशका दुतावासको सक्रियता आवश्यक पर्छ। सकेसम्म विभिन्न देशका दुतावासले ती मुलुकमा रहेका नेपालीको तथ्याङ्क राख्ने, उनीहरुको अवस्थाका बारेमा जानकारी लिने, कुटनीतिक संयन्त्र र सम्पर्क फराकिलो बनाउने जस्ता विषयमा ध्यान दिनुपर्छ। आगामी दिनमा यस्ता घटना हुन नदिने भइहाले नियन्त्रण बाहिर जाने अवस्था आउन नदिन सचेत हुनुपर्छ।

# सामाजिक सञ्जाल नियन्त्रण कति उचित ?



शंकरनाथ काफ्ले

हामी लोकतान्त्रिक शासन व्यवस्थामा अघि बढिरहेका छौं। लामो समय एकदलीय निरंकुश शासन व्यवस्थाबाट थिचिएको कारण नागरिकहरु आफ्नो नैसर्गिक स्वतन्त्रताको हकबाट वञ्चित हुनुपरिरहेको थियो।

निरंकुशता र स्वेच्छाचारी व्यवस्थाबाट मुक्त भएपछि नागरिकले आधारभूत मानवाधिकार र मौलिक हकको उपभोग गर्न पाउँछन् भन्ने विश्वासका साथ नेपालका राजनेताहरुले पटक-पटक आह्वान गरेका प्रत्येक आन्दोलनमा नेपाली जनताले साथ दिएकै हुन्। नेपाली जनताको त्यही बलिदानीपूर्ण संघर्षबाट पहिलोपल्ट २०४७ सालको संविधानमा नागरिकका अधिकारहरुका बारेमा केही व्यवस्थाहरु भए।

२०४७ सालको त्यही संविधानप्रदत्त अधिकारहरुलाई टेकेर नेपाली जनताले त्यसपछि पनि विभिन्न स्वरुपमा संघर्ष र आन्दोलनहरु गर्दै आए। नेपालको अन्तरिम संविधान २०६३ ले २०४७ को संविधानको तुलनामा थुप्रै नागरिक अधिकारहरुको व्यवस्था गर्‍यो। अन्तरिम संविधानबाट प्रत्याभूत अधिकारको प्रयोग गरी बनेको २०७३ सालको वर्तमान नेपालको संविधानले नागरिकका लागि थुप्रै अधिकारको व्यवस्था गरेको छ।

भलै संविधानप्रदत्त सम्पूर्ण अधिकारहरु विविध कारणहरुले गर्दा नागरिकले अझैं पूर्णरुपमा प्रयोग गर्न पाइरहेका छैनन्। यद्यपि हामीले भुल्नुहुँदैन कि २०४६ सालदेखि २०६३ सालसम्म मुलुकमा जे-जति आर्थिक तथा सामाजिक विकासहरु हुन पुगे त्यसको तुलनामा २०६३ देखि आजको मितिसम्म थप विकास भएको छ।

नागरिकमा भएको यो विकासको मुख्य स्रोत नागरिकले पाएको हकलाई नै मान्नुपर्दछ। हामी प्राप्त उपलब्धिप्रति पूर्ण सन्तुष्ट नहौंला तर परिवर्तन भएको तथ्यलाई इन्कार गर्न सक्दैनौं।

यो परिवर्तीत सन्दर्भमा अधिकारको प्रयोग सामान्यतः दुई कोणबाट भएको देखिन्छ। आम नागरिक सञ्चार र सूचनाको अधिकार पाएर पुलकित भैरहेका छन्। आफूलाई लागेको बोल्न, आफूलाई लागेको अभिव्यक्त गर्न, आफूलाई लागेको असन्तुष्टि पोख्न पाउँदा मात्र पनि उनीहरु खुशी देखिन्छन्।

आम नागरिकको लागि गाउँ-गाउँमा मोबाइल, इन्टरनेट पुग्नु र त्यसको प्रयोग गर्न पाउनुलाई नै लोकतन्त्रको उपहार ठान्न बाध्य छन्। विदेशमा गएका आफ्ना सन्तानहरुसँग घरकोठामा बसेर, अनुहार हेरेर गफ गर्न पाउँदा राज्यले प्रदान गरेको सबैभन्दा ठूलो अधिकार प्रयोग गरिरहेको अनुभूति गरिरहेका छन्। केही सीमित नागरिकले मात्र संविधानप्रदत्त आर्थिक एवं राजनीतिक अधिकारको सदुपयोग गर्न सकिरहेका छन्।

उनीहरु यही अधिकारको प्रयोग गरेर आर्थिक र राजनीतिकरुपमा शक्तिशाली पनि भैरहेका छन्। तिनीहरु ४६ सालपछि पनि कुनै उद्योग व्यवसाय वा रोजगारमा नरहे पनि सामान्य आर्थिक हैसियतबाट अकूत सम्पत्तिका मालिक हुन सफल भैरहेका छन्। लोकतन्त्रमा जनताले जनताको लागि शासन गर्नेछ भनिन्छ तर ती एक खाले व्यक्तिहरु आफूलाई जनता होइन स्थायी शासक नै हौं भन्न बानी परिसकेका देखिन्छन्। तसर्थ उनीहरु संविधानले नागरिकलाई प्रदान गरेको अधिकार खोसेर कमजोर बनाउन वा उनीहरुले प्राप्त गरिरहेका सीमित खुशीलाई खुम्च्याउन चाहिरहेको झैं देखिन्छन्।

नेपालको संविधानको धारा १७ मा नागरिकलाई स्वतन्त्रताको हक प्रदान गरिएको छ। यसको उपधारा २(क) मा नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रदान गरिएको छ भन्ने व्यवस्था गरिएको छ। त्यस्तै संविधानको धारा १९ मा सञ्चारको हकको व्यवस्था गरिएको छ भने धारा २७ मा सूचनाको हकसम्बन्धी व्यवस्था गरिएको छ। सामाजिक सञ्जालको विकासको कारण नागरिकले जानेर वा नजानेर सबैभन्दा बढी प्रयोग गरिरहेको अधिकार यिनै देखिएका छन्।

विचार र अभिव्यक्ति व्यक्तिको ब्रह्मले ठहर्‍याउने कुरा हो। उसले घटनालाई जुनरुपमा देख्यो त्यही रुपमा बुझ्ने गर्दछ। जुनरुपमा बुझ्छ त्यही रुपमा अभिव्यक्ति गर्दछ। उसको अभिव्यक्तिले नेताको गुनगान पनि गाउन सक्ला, उसको अभिव्यक्तिले नेताको आलोचना पनि गर्न सक्ला। आलोचना सहन नसक्ने कुनै पनि व्यक्ति लोकतान्त्रिक नेता हुन सक्दैन। त्यस्तै घटना र तथ्यहरुको बारेमा सूचना बन्ने गर्दछ, जुन सञ्चारको माध्यमबाट प्रवाह हुने गर्दछ।

सूचना सत्य र तथ्यमा आउनुपर्दछ तर त्यसमा विश्लेषण जोडिन सक्छ। विश्लेषणविनाको सूचना निरंकुशतालाई मात्र सुहाउने गर्दछ। विश्लेषण लोकतन्त्रको पर्याय हो। विश्लेषण गर्नासाथ त्यसलाई बुझ्ने सकारात्मक र नकारात्मक दुई धार हुने गर्दछ। मानिसले आफ्नो स्वभावअनुसार त्यसलाई बुझ्ने र त्यसको बारेमा अभिव्यक्ति दिने भएपछि पक्कै पनि घटनाको आलोचना भएको झैं देखिन्छ। आलोचना भएकै आधारमा संविधानप्रदत्त हक खोस्ने मनसाय राखियो भने लोकतन्त्रको औचित्य समाप्त हुन पुग्छ।

पक्कै सामाजिक सञ्जालको प्रयोगमा जटिलताहरु आइरहेका छन्। चोर-फटाहादेखि सन्त-महन्तसम्म, निरक्षरदेखि विज्ञसम्म, अपराधीदेखि सज्जनसम्म, साना बालबालिकादेखि वृद्धवृद्धासम्म हरेक वर्ग, क्षेत्र र तप्काका मानिसले एउटै सामाजिक सञ्जालको प्रयोग गरिरहेका छन्। जसको जति क्षमता छ त्यही मात्रामा यसको प्रयोग हुने गर्दछ।

जसको जे मानसिकता छ उसले त्यही रुपमा यसको प्रयोग गर्ने गरेको पाइन्छ। धेरैले सामाजिक सञ्जालको सही सदुपयोग गरिरहेको देखिन्छ भने केहीले यसको दुरुपयोग पनि गरिरहेको देखिन्छ। केही व्यक्तिका कारण सामाजिक सञ्जाल दूषित पनि भैरहेको छ। यो समाज हो, यो राष्ट्र हो, अझ सामाजिक सञ्जालको माध्यमबाट त यो विश्व नै एक ठाउँमा आएको छ। यस्तो अवस्थामा सामाजिक सञ्जालको प्रयोगलाई सकेसम्म जिम्मेवार बनाउनुपर्दछ भन्ने राज्यको चाहना हुनु स्वाभाविक पनि हो, उसको जिम्मेवारी पनि हो। सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाउन स्पष्ट कानुन निर्माण गर्नुपर्ने आवश्यकता प्रायः संसारका सबै देशले महसुस गरेको पाइन्छ।

नेपालले पनि यो चाहना राख्नु अन्यथा हुँदैन। सामाजिक सञ्जालको सही र व्यवस्थित प्रयोग गरी सामाजिक सद्भाव, सांस्कृतिक सहिष्णुता र सुशासन प्रवर्द्धन गर्न सामाजिक सञ्जालका प्लेटफर्म सञ्चालक र प्रयोगकर्तालाई जिम्मेवार तथा जवाफदेही बनाई सामाजिक सञ्जालको सञ्चालन र प्रयोगलाई मर्यादित, सुरक्षित र व्यवस्थित गर्ने तथा नियमन गर्ने सम्बन्धमा कानुन निर्माण गर्न आवश्यक ठान्दै सामाजिक सञ्जालको सञ्चालन प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक १३ माघ २०८१ मा सञ्चारमन्त्रीको तर्फबाट राष्ट्रिय सभामा पेस गरिएको अवस्था छ।

यो विधेयकको देखिने मनसाय सामाजिक सञ्जालका प्लेटफर्म सञ्चालक र प्रयोगकर्तालाई जिम्मेवार तथा जवाफदेही बनाई सामाजिक सञ्जालको सञ्चालन र प्रयोगलाई मर्यादित, सुरक्षित र व्यवस्थित गर्ने तथा नियमन गर्ने नै हो। कहिलेकाहीँ एउटा मनसायले गरेको कार्यको परिणाम अर्को पनि आउने गर्दछ। बालक धेरै रोयो भनेर उसको मुखलाई हातको बलले छोपी रुनलाई रोकियो भने उसको सास रोकिएर मृत्यु पनि हुन सक्छ। बिरुवा झाँगिएकोले ठाउँ अलि ओसिलो भयो भनेर डाँठ काटियो भने पूरै बिरुवा मर्न पनि सक्छ।

त्यस्तै समाजमा अलिकति विच्छृलता देखियो भनी सूचनाको हकमा टेकेर विचार र अभिव्यक्तिको स्वतन्त्रतामा रेती लगाउने प्रयास गरियो भने सिंगो लोकतन्त्र नै गुम्ने खतरा पनि हुन्छ। प्रस्तुत विधयेक जनतालाई नैतिकवान् बनाउनभन्दा विरोधीहरुको हातमा हतकडी र मुखमा टेप लगाएर कसरी गालीगलौजको संस्कृतिबाट जोगिने भन्ने उद्देश्यबाट आएको जस्तो पनि देखिन्छ।

प्रस्तुत विधेयकमा सत्ता पक्षबाट पनि विरोध भएको सुनिन्छ।

विरोध गरेको जस्तो गरेर आफू विधेयकको पक्षमा नभएको, जनताको अधिकारप्रति जिम्मेवार भएको भन्ने जस्तो देखाउन खोजे पनि हाम्रो संसदीय अभ्यासमा त्यो विरोधको खासै अर्थ रहँदैन। जब नेतृत्वले उक्त विधेयकलाई पारित गरेर नै छाड्ने मानसिकता बनाउँछ उसले ह्वीप जारी गरेर भए पनि विरोध गर्नेलाई लाचार बनाउँछ। वर्तमान गठबन्धन प्रतिनिधिसभामा करिब दुई तिहाइको नजिक भए पनि राष्ट्रिय सभामा बहुमत स्थापित गर्नलाई हम्मेहम्मेको अवस्थामा छ। सरकारले जारी गरेको अध्यादेशमा आएको जटिलताले यो कुराको पुष्टि गरिसकेको छ। सरकारले कानुन निर्माणलाई सहजता प्रदान गर्न थप रणनीति निर्धारण गर्नु आवश्यक देखिएको छ।

सरकारले राष्ट्रिय सभामा पेस गरेको सामाजिक सञ्जालको सञ्चालन र प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा गरिएको परिभाषाअनुसार सामाजिक सञ्जाल भन्नाले कम्प्युटर, कम्प्युटर नेटवर्क, इन्टरनेटलगायतका विद्युतीय प्रविधि र उपकरणको माध्यमबाट उपलब्ध गराएको सुविधा तथा प्रक्रियाबमोजिम कुनै व्यक्ति, समूह वा संस्थाबिच एक-अर्कासँग अन्तरक्रियात्मक सञ्चार गर्ने वा विषयवस्तु (कन्टेन्ट) प्रसार गर्न सक्ने प्रणाली सम्झनुपर्छ भनिएको छ।

त्यस्तै सामाजिक सञ्जालको दुरुपयोग भन्नाले यस ऐन वा प्रचलित कानुन विपरीतका विषयवस्तु सामाजिक सञ्जालमा पोस्ट, सेयर, कमेन्ट, लाइभ स्ट्रिमिङ, रिपोस्ट, ट्याग, ह्यासट्याग, मेन्सन गर्ने वा यस्तै प्रकृतिको अन्य कार्य सम्झनुपर्छ भनी व्यवस्था गरेको छ। यसैगरी विधेयकले सामाजिक सञ्जालको प्रयोगकर्ताले पालन गर्नुपर्ने सर्तहरुमा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान वा राष्ट्रिय हितमा खलल पुग्ने वा सामाजिक, सांस्कृतिक तथा धार्मिक सद्भाव भड्काउने विषयवस्तु प्लेटफर्ममा प्रसार नगर्ने भनी स्पष्ट व्यवस्था गरिएको छ।

त्यस्तै प्रचलित कानुन विपरीतका विषयवस्तुको पोस्ट वा सेयर गर्न नमिल्ने गरी प्लेटफर्ममा आवश्यक प्रविधि विकास गर्ने वा आवश्यक अन्य उपाय अवलम्बन गर्ने र कुनै व्यक्तिको चरित्रमा गम्भीर आघात पुग्ने किसिमको सामग्री वा घृणास्पद अभिव्यक्ति वा हिंसा भड्काउने वा साम्प्रदायिक सद्भाव बिगार्ने प्रकृतिको सामग्री अपलोड हुन वा प्रचारप्रसार हुन नदिने भनी व्यवस्था गरेको छ।

विधेयकले कसैको मान-प्रतिष्ठामा आँच पुग्ने र होच्याउने नियतले अपमानजनक शब्द, श्रव्यदृश्य, तस्वीरको ट्रोल बनाउने, गाली बेइज्जती वा हेट स्पीच मानिने कार्य नगर्ने, मिथ्या तथा भ्रामक सूचनाको दुष्प्रचार, सूचना तोडमरोड गरी प्रचार नगर्ने, गलत मनसायले सामाजिक सञ्जालमा पोस्ट, सेयर, लाइक, रिपोस्ट, लाइभ स्ट्रिमिङ, सब्सक्राइब, कमेन्ट, ट्याग, ह्यासट्याग वा मेन्सन गर्न हुँदैन भनी स्पष्ट व्यवस्था गरेको छ। यस्तो कार्य गर्ने सामाजिक सञ्जाल प्रयोगकर्तालाई ५ लाख रुपियाँसम्म जरिवाना गर्न सक्नेछ भनी व्यवस्था गरिएको छ।

विधेयकले बीभत्स तस्विर वा अडियो वा भिडियो पोस्ट वा सेयर गर्न नहुने, गरेमा तीन महिनासम्म कैद वा ५० हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ तथा डिपफेक भिडियो अपलोड वा प्रचार गर्न नहुने र गरेमा दुई वर्षसम्म कैद सजाय वा ३ लाख रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ भन्ने पनि व्यवस्था गरेको छ। विधेयकमा धेरै व्यवस्थाहरु उचितजस्तो देखिए पनि यसको प्रयोग र व्याख्यामा जटिलता आउन सक्छ।

एउटा सानो उदाहरण, कुनै व्यक्तिले बीभत्स स्वरुपको कालभैरव वा महाँकालको मूर्तिको फोटो सामाजिक सञ्जालमा पोस्ट गर्दा सरकारले त्यसलाई बीभत्स पनि देख्न सक्छ। कुनै व्यक्तिले उक्त पोस्टलाई सेयर गर्‍यो भने सरकारले उसलाई अपराधी पनि देख्न सक्छ भने कुनै साथीले पोस्ट गरेको उक्त तस्विरलाई कुनै व्यक्तिले मन पराएर लाइक गर्‍यो भने सरकारले त्यसलाई दण्डित पनि गर्न सक्छ।

सरकारलाई कुनै कुरामा चित्त बुझेन वा सरकारको विरोध गर्ने कुनै व्यक्तिले सामाजिक सञ्जालको प्रयोग गरेर 'रामनाम' नै जपोस्, सरकारले चाहेमा त्यसलाई पनि कुनै न कुनै घटनासँग जोडेर कारबाही गर्न सक्छ। पञ्चायत कालमा मात्र बोलेकै कारण शान्ति सुरक्षाको नाममा यी मध्ये कैयौँ नेतालाई चिसो छिँडीमा जाकेको घटना बिर्सिएको जस्तो छ। तसर्थ यो विधेयक परिपक्व छैन। यसले भोलिको दिनमा आज सरकारमा बस्नेहरुलाई पनि कारबाहीको दायरामा नल्याउला भन्न सकिन्न।

हाम्रो राजनीतिक संस्कार प्रतिसोध, पूर्वाग्रह तथा नैतिकताहीन अभ्यासबाट विकसित भैरहेको छ। नेताले आज बोलेका कुरा भोलि आफैँ काटिरहेका हुन्छन्, आज प्रतिबद्धता जाहेर गरेका कुरा भोलि आफैँले खण्डन गरिरहेका हुन्छन्। तसर्थ लोकतन्त्रको मूल्य र आदर्शमाथि प्रहार गर्ने कार्य कतैबाट नहोस्। लोकतन्त्र रहे मात्र राजनीतिक प्रतिस्पर्धाले सधैँ स्थान पाउँछ, अन्यथा जुनसुकै मोडमा नयाँ तानाशाह नजन्मिएला भन्न सकिन्न।

समाचारपत्रबाट

# नेप्से २९. ८७ अङ्कले बढ्यो



काठमाडौँ। यो साता कारोबारको लगातार दोस्रो दिन सोमबार पनि नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बढेको छ। नेप्से २९ दशमलव ८७ अङ्कले बढेर दुई हजार सात सय २७ दशमलव ९१ को बिन्दुमा कायम भएको हो। यो एक दशमलव १० प्रतिशतको वृद्धि हो। तीन सय दुई कम्पनीको एक करोड ८० लाख ८१ हजार एक सय ६८ कित्ता शेयर एक लाख दुई हजार आठ सय ६१ पटक खरिदबिक्री हुँदा रु १० अर्ब चार करोड ९६ लाख ५४ हजार आठ सय ३२ बराबरको कारोबार भएको छ।

कारोबारमा बैंकिङ दुई दशमलव १६, होटल तथा पर्यटन दुई दशमलव २९, लघुवित्त दुई दशमलव ४५ र अन्य समूह दुई दशमलव ४७ प्रतिशतले बढेको छ। त्यस्तै विकास बैंक शून्य दशमलव ३३, लगानी शून्य दशमलव २०, जीवन बिमा शून्य दशमलव ८९, उत्पादन तथा प्रशोधन शून्य दशमलव ७७, म्युचुअल फन्ड शून्य दशमलव ५२ र निर्जीवन बिमा समूह एक दशमलव ०७ प्रतिशतले बढेको छ। तीन वटा समूहको उपसूचक भने घटेको छ। वित्त समूह शून्य दशमलव ८४, जलविद्युत् शून्य दशमलव १५ र व्यापार समूह एक दशमलव २७ प्रतिशतले घटेको छ।

छ वटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड, कुथेली बुखारी स्मल हाईड्रोपावर लिमिटेड, स्कल डेभलपमेन्ट बैंक लिमिटेड, गार्डियन माईक्रोलाइफ इन्स्योरेन्स लिमिटेड र दिव्येश्वरी हाइड्रोपावर लिमिटेडको शेयर मूल्य १० प्रतिशतले बढेको हो। सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडको रु ३२ करोड ७४ लाख ३५ हजार तीन सय ५५ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा भने कुमारी बैंक लिमिटेडको सबैभन्दा धेरै चार करोड १६ लाख तीन सय ४९ कित्ता शेयर किनबेच भएको छ।

# मानव मस्तिष्कमा माइक्रोप्लास्टिक, सतर्क गराउने नयाँ अध्ययन

हालै गरिएको एक अध्ययनले मानव मस्तिष्कमा ठूलो मात्रामा माइक्रोप्लास्टिक फेला परेको देखाएको छ।

अमेरिकाको युनिभर्सिटी अफ न्यू मेक्सिको हेल्थ साइन्सेज सेन्टर र अन्य संस्थाका अनुसन्धानकर्ताहरूको सहयोगले, मानिसको मस्तिष्कमा प्लास्टिकका सूक्ष्म कणहरू (माइक्रोप्लास्टिक) प्रवेश गर्न सक्ने मात्र नभ, ती त्यहाँ जम्मा हुन सक्ने पत्ता लगाएका छन्।

अनुसन्धानकर्ताहरूका अनुसार, मस्तिष्कमा प्रति ग्राम तन्तुमा ४,८०० माइक्रोग्राम माइक्रोप्लास्टिक फेला परेको थियो। यो मात्रा एक चम्चा प्लास्टिक बराबर हुन सक्छ, जुन एकदमै चिन्ताजनक कुरा हो।

अध्ययनले मस्तिष्कमा पाइने माइक्रोप्लास्टिकको मात्रा अन्य अंगहरू, कलेजो र मिर्गौलाभन्दा १० गुणा बढी रहेको देखाएको छ।

**माइक्रोप्लास्टिक मस्तिष्कमा कसरी पुग्छ ?**

विज्ञानले लामो समयसम्म मस्तिष्कलाई 'ब्लड-ब्रेन ब्यारिएर'ले सुरक्षित राख्छ भन्ने मान्यता राख्दै आएको थियो। तर यो अध्ययनले माइक्रोप्लास्टिक लिपिड (चिल्लो पदार्थ) सँग मिसिएर उक्त अवरोध पार गर्न सक्ने बताएको छ।

परीक्षण गरिएका नमुनाहरूमा ७५ प्रतिशत माइक्रोप्लास्टिक पोलिइथिलिन फेला परेको थियो, जुन प्लास्टिक कन्टेनर, चिकित्सा उपकरण, तथा अन्य दैनिक प्रयोग हुने वस्तुहरूमा व्यापक रूपमा पाइन्छ।

यसले संकेत गर्छ कि हामीले खाने, पिउने, वा सास फेर्ने क्रममा समेत माइक्रोप्लास्टिक शरीरभित्र प्रवेश गर्दैछ।

**स्वास्थ्यमा गम्भीर असरः डिमेन्सिया र हृदयघातको जोखिम ?**

अध्ययनमा डिमेन्सियाबाट प्रभावित व्यक्तिहरूको मस्तिष्कमा अन्य व्यक्तिहरूको तुलनामा १० गुणा बढी माइक्रोप्लास्टिक फेला परेको पाइएको छ।

यो अध्ययनले कारण र प्रभावलाई प्रमाणित नगरे पनि, यसले माइक्रोप्लास्टिकले न्युरोलोजिकल स्वास्थ्यमा पार्न सक्ने सम्भावित प्रभावबारे महत्वपूर्ण प्रश्नहरू उठाउँछ।

यसअघि भएका केही अनुसन्धानहरूले रक्तनलीमा धेरै मात्रामा माइक्रोप्लास्टिक पाइए हृदयाघात, स्ट्रोक र अकाल मृत्युको जोखिम बढ्न सक्छ भनेका थिए। तर अझैं थप अनुसन्धान आवश्यक रहेको वैज्ञानिकहरू बताउँछन्।

**माइक्रोप्लास्टिक प्रदूषण रोक्न के गर्न सकिन्छ ?**

वैज्ञानिकहरूले माइक्रोप्लास्टिकको स्वास्थ्य प्रभावबारे अझ विस्तृत अध्ययन आवश्यक रहेको बताइरहेका छन्। तर हालसम्म उपलब्ध प्रमाणहरू हेर्दा, सतर्कता अपनाउनु बुद्धिमानी हुने देखिन्छ।

- प्लास्टिकजन्य वस्तुहरूको प्रयोग घटाउनु
- प्लास्टिक प्रदूषण नियन्त्रणका लागि कडा नीति बनाउनु

-खाद्य तथा पेय पदार्थमा माइक्रोप्लास्टिकको मात्रा निगरानी गर्ने उपायहरू अपनाउनु वातावरणमा प्लास्टिक प्रदूषणको वृद्धि र मानव शरीरमा यसको सम्भावित असर बीचको सम्बन्ध थप स्पष्ट हुन बाँकी छ।

तर अध्ययनहरूले देखाएको निष्कर्षले यस विषयलाई गम्भीर रूपमा लिनुपर्ने स्पष्ट सङ्केत गरेको छ।

स्वास्थ्य खबरबाट



*बन्दागोभी खेती*

नेपालगञ्ज जयसपुरका गुलाम रसूल कवडीयाले गरेको बन्दागोभी खेती । उनले झन्डै १५ कठ्ठामा बन्दागोभी खेती गरेका छन् । तस्विरः समिर शाही /रासस

# श्री तिनाउ इन्टरनेशनल हस्पिटलमा दुर्लभ शल्यक्रिया




बुटवल । बुटवलस्थित श्री तिनाउ इन्टरनेशनल हस्पिटलमा दुर्लभ र जटिल शल्यक्रिया सफलतापूर्वक सम्पन्न भएको छ । वरिष्ठ हेपाटोबिलियरी सर्जन डा. प्रविन जोशीको नेतृत्वमा जन्मजात पित्तनली समस्या र प्याङ्क्रियाटिक नली अवरोध भएका दुई बिरामीको शल्यक्रिया गरिएको हो ।

बुटवल-१६ निवासी ६ वर्षीय बालकलाई जन्मजात पित्तनलीमा समस्या देखिएपछि अस्पतालमा भर्ना गरिएको थियो । समयमै उपचार नगरेमा पित्तनलीमा क्यान्सरको जोखिम बढ्ने भएकाले चिकित्सक टोलीले बिग्रिएको पित्तनली हटाई सानो आन्द्रासँग पुनः जोड्ने प्रक्रिया अपनाएको थियो ।

यसैगरी, नवलपरासी दुबौलिया निवासी १५ वर्षीय किशोरको लामो समयदेखि पेट दुख्ने, खानापछिको असहजतालगायत समस्या देखिएपछि परीक्षण गर्दा प्याङ्क्रियाटिक नलीमा ढुंगा जमेको र नली पूर्णरूपमा अवरुद्ध भएको पुष्टि भएको थियो । चिकित्सक टोलीले शल्यक्रियामार्फत् ढुंगा हटाई अवरुद्ध नलीलाई सानो आन्द्रासँग पुनः जोड्ने प्रक्रिया सफलतापूर्वक सम्पन्न गरेको छ ।

सम्बन्धित बिरामीमध्ये एक भारतको दिल्लीमा उपचार गराउन गएका थिए, तर अत्यधिक खर्च लाग्ने भएकाले परिवारले बुटवल फर्किएर डा. जोशीको टोलीबाट उपचार गराएका थिए । स्थानीयस्तरमै यस्तो जटिल शल्यक्रिया सफल भएपछि बिरामीका परिवारले राहत महसुश गरेको बताएका छन् ।

डाक्टर प्रविन जोशीले कलेजो प्रत्यारोपण तथा जटिल ग्यास्ट्रोइन्टेस्टाइनल शल्यक्रियामा विशेषज्ञता हासिल गरेका छन् ।

सुविधासम्पन्न अस्पताल, अनुभवी चिकित्सक, दक्ष जनशक्ति तथा अत्याधुनिक उपकरणका कारण यस्ता धेरै जटिल किसिमका शल्यक्रिया र उपचार यस अस्पतालमा सम्भव भएको अस्पतालका अध्यक्ष चिरञ्जीवी जोशीले जानकारी दिए ।

# बालबालिकाको क्यान्सरको उपचारमा प्रयोग हुने औषधि ल्याइयो

काठमाडौँ । बालबालिकाका लागि क्यान्सर रोगको उपचारमा प्रयोग गर्ने औषधि ल्याइएको छ । नेपालले 'ग्लोबल प्लेटफर्म फर एक्सेस टु चाइल्डहुड क्यान्सर मेडिसिन्स'अन्तर्गत बालबालिकामा हुने क्यान्सर उपचारका लागि अत्यावश्यक औषधिको पहिलो चरणको औषधि आइतबार प्राप्त गरेको हो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले पहिलो चरणमा १० प्रकारका औषधि ल्याइएको जानकारी दिए । विश्व स्वास्थ्य सङ्गठन नेपाल कार्यालयले बालबालिकालाई प्रयोग हुने क्यान्सरको औषधि दुई हजार तीन सयभन्दा बढी प्याक नेपाल आइपुगेको जनाएको छ ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) नेपालस्थित कार्यालयले 'सेंट जुड चिल्ड्रेन्स रिसर्च हस्पिटल'सँग समन्वय गरी औषधि खरिद गरेको हो । नेपाललाई उक्त औषधि निःशुल्क उपलब्ध गराइएको हो ।

सेंट जुड चिल्ड्रेन्स रिसर्च हस्पिटल र डब्लुएचओको संयुक्त पहलमा संसारभरका क्यान्सरपीडित बालबालिकाको जीवनरक्षक औषधिमा पहुँच सुनिश्चित गर्न ग्लोबल प्लेटफर्म फर एक्सेस टु चाइल्डहुड क्यान्सर मेडिसिन्स सन् २०२१ मा स्थापना गरिएको हो । सरकारले गत मङ्सिर १ गतेबाट लागू हुनेगरी चारवटा अस्पतालबाट १४ वर्षमुनिका बालबालिकाको क्यान्सर उपचार निःशुल्क गर्ने घोषणा गरेको छ ।

यी औषधिले भक्तपुर क्यान्सर अस्पताल, कान्ति बाल अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान र भरतपुर क्यान्सर अस्पतालमा उपचाररत बालबालिकाले निःशुल्क पाउने मन्त्रालयका प्रवक्ता डा. बुढाथोकीले जानकारी दिए । डब्लुएचओका अनुसार नेपालमा हरेक वर्ष करिब नौ सय नयाँ बालबालिकामा क्यान्सर देखापर्ने गरेका छन् । औषधि अभाव र विभिन्न चुनौतीका कारण एकतिहाइ बालबालिकाले मात्र उचित उपचार पाउने गरेको बताइएको छ ।

सन् २०२० मा नेपाल डब्लुएचओको 'ग्लोबल इनिसीएटिभ अफ चाइल्डहुड' क्यान्सरको प्राथमिकतामा परेको थियो । सन् २०२२ मा नेपाल ग्लोबल प्लेटफर्ममा सहभागी हुन छनोट भएका विश्वभरका छ देशमध्ये एक र विश्व स्वास्थ्य सङ्गठनको दक्षिण-पूर्वी एसिया क्षेत्रका सदस्य राष्ट्रमध्ये एकमात्र राष्ट्र बनेको थियो ।

स्वास्थ्य मन्त्रालयले सन् २०२४ को मार्चमा उक्त कार्यक्रम सञ्चालन गर्न सहमतिपत्रमा हस्ताक्षर गरेको थियो । सहमतिअनुसार नेपालले बालबालिकाको क्यान्सर उपचारका लागि पाँच वर्षसम्म निरन्तर रूपमा ३५ प्रकारका अत्यावश्यक गुणस्तरीय औषधि निःशुल्क प्राप्त गर्नेछ ।

डब्लुएचओका अनुसार नेपालमा क्यान्सरपीडित बालबालिकाको बाँच्ने सम्भावना दर हाल ३० प्रतिशतभन्दा कम छ । जबकि उच्च आय भएका देशमा दर ८० प्रतिशतभन्दा बढी छ ।

# दुई महोत्सवको एकैदिन उद्घाटन हुँदै






**श्रीकृष्ण सिग्देल**
*स्याङ्जा*

फागुन ६ गते स्याङ्जामा दुई भव्य कार्यक्रम शुभारम्भ हुँदैछन् । दुवै कार्यक्रमको संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्री बद्रीप्रसाद पाण्डेले उद्घाटन गर्ने छन् । नेपालमै पहिलोपटक निर्माण गरिएको नवग्रह मन्दिर र सातौ स्याङ्जा महोत्सवको उद्घाटन एकैदिन पर्यटनमन्त्री पाण्डेले गर्ने भएका हुन् ।

नवग्रह मन्दिरको प्राण प्रतिष्ठा तथा अनुष्ठान महाशिवरात्रीको अवसर पारेर फागुन ६ देखि १४ गतेसम्म १ करोड २५ लाख दियो प्रज्वलन गर्नेगरी आयोजना गरिएको महाकुम्भमेला र फागुन ६ गतेदेखि १८ गतेसम्म पुतलीबजार १ खेलमैदानमा आयोजना हुने सातौ स्याङ्जा महोत्सवको उद्घाटन गर्न पर्यटन मन्त्री स्याङ्जा आउने छन् ।

बिहान ११ बजे अर्जुनचौपारीको नवग्रह मन्दिरको समुद्घाटन गर्ने र दिउँसो साढे १ बजे सातौ स्याङ्जा महोत्सवको उद्घाटन गर्नेगरी कार्यक्रम तय भएको आयोजकहरुले जनाएका छन् । गरी भव्य रुपमा गर्ने गाउँपालिकाको तयारी गरेको पालिकाले जनाएको छ । दुवै कार्यक्रम पर्यटन र संस्कृतिसगँ जोडिएकाले दुवै मेलाको उद्घाटनमा मन्त्री पाण्डे रोजाइमा परेका हुन् । अर्जुनचौपारीले धार्मिक पर्यटकीय क्षेत्रको हव बनाउने उदेश्यले निर्माण गरिएको नवग्रह मन्दिरले भारतीय र नेपालका धार्मिक पर्यटकहरु भित्राउने विश्वास लिइएको छ भने सातौ स्याङ्जा महोत्सवले जिल्लाभित्र रहेका धार्मिक, प्राकृतिक पर्यटकीय क्षेत्रको पहिचान र अवलोकन गर्न सहज हुने लक्ष्य राखेको छ ।

विरलै आउने महाकुम्भको समय अत्यन्त शक्तिशाली र पवित्र हुनेहुँदा यसै अवसरमा अनुष्ठान सम्पन्न गर्नेगरी अर्जुचौपारी गाउँपालिकाले नवग्रह मन्दिरको निर्माण गरेको हो भने व्यवसायीहरु बिस्थापित हुँदै जान थालेपछि साथै आर्थिक चलायमान नभएपछि सातौ संस्करणको महोत्सव गरिएको आयोजकहरुले बताएका छन् ।

फागुन ६ गते उद्घाटन हुने दुवै कार्यक्रमको तयारी पूरा भएको बताइएको छ । धार्मिक र व्यवसायीक रुपले आयोजना गरिएका दुई महोत्सवले स्याङ्जाको बृहत विकासमा टेवा पुग्ने विश्वास संघीय सांसद राजु थापाले लिएका छन् । आन्तरिक र बाह्र्य पर्यटक भित्राउने कार्यक्रम आयोजना हुनु स्याङ्जाका लागि महत्वपूर्ण भएको सांसद थापाको भनाइ छ । सबै स्याङ्जावासीले यस्ता कार्यक्रमलाई सकरात्मकतवरबाट सहयोग गर्न समेत उनले आग्रह गरेका छन् ।

नवग्रह पूजामा एकपटक सहभागी भएर पुण्यप्राप्त गर्न अर्जुनचौपारी गाउँपालिकाका अध्यक्ष प्रकाश तिवारीले अनुरोध गरेका छन् भने सातौ स्याङ्जा महोत्सव अवलोकन गर्न सबैमा स्याङ्जा जिल्ला उद्योग वाणिज्य संघका अध्यक्ष महादेव श्रेष्ठले आग्रह गरेका छन् ।

# सौर्य ऊर्जा विकासका लागि कार्यविधि संशोधन



काठमाडौँ । ऊर्जा मिश्रणको अवधारणालाई थप विस्तार गरी लगानी प्रवर्द्धन गर्ने लक्ष्यका साथ विद्युत् विकास विभागले 'ग्रीड कनेक्टेड वैकल्पिक विद्युत् विकाससम्बन्धी कार्यविधि, २०७८' संशोधन गरेको छ ।

वैकल्पिक विद्युत् उत्पादन आयोजना र यससँग सम्बन्धित प्रसारण लाइनलाई राष्ट्रिय ग्रीडमा जोड्न, सरल, सहज र पारदर्शी तुल्याई प्रभावकारी कार्यान्वयन गर्न आवश्यक भएकाले विद्युत् नियमावली, २०५४ अनुसार उक्त कार्यविधि संशोधन गरिएको विभागका महानिर्देशक नवीनराज सिंहले जानकारी दिए ।

यसअघि सरकारले २०७८ बैशाख १३ गते उक्त कार्यविधि कार्यान्वयनमा ल्याएको थियो । कार्यविधिअनुसार एक मेगावाटसम्म क्षमता भएका वैकल्पिक विद्युत् आयोजनाका हकमा राष्ट्रिय ग्रीडमा आवद्ध हुन चाहने प्रवर्द्धकले नेपाल विद्युत् प्राधिकरणमा निवेदन पेस गर्दा विद्युत् उत्पादनको अनुमति लिएको हुनुपर्ने छ । तर घरेलु सौर्य ऊर्जा प्रणालीबाट उत्पादित सौर्य विद्युत्को 'नेट मिटरिङ' गर्दा विद्युत् उत्पादनको अनुमति आवश्यक नपर्ने प्रबन्ध गरिएको छ ।

आयोजनाका लागि आवश्यक जग्गा, बाटो, विद्युत् जडान बिन्दुसम्म प्रसारण लाइन आदिको व्यवस्था प्रवर्द्धकले गर्नुपर्ने उल्लेख छ । सरकारी जग्गाको हकमा सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहबीच आवश्यकतानुसार समन्वय र सहजीकरण गर्ने व्यवस्था कार्यविधिमा छ ।

कार्यविधिमा एक मेगावाटभन्दा बढी क्षमताका सौर्य विद्युत् आयोजनाको विद्युत् सर्वेक्षण र निर्माण गर्न प्रवर्द्धकले नियमावली र निर्देशिकामा तोकेबमोजिमको ढाँचामा निवेदन दिनुपर्ने व्यवस्था गरिएको छ । प्रस्तावित क्षेत्रमा सौर्य विद्युत् आयोजना विकास गर्न हुने भनी सम्बन्धित वडा वा स्थानीय तहको सिफारिसपत्र र निकुञ्ज तथा आरक्षण क्षेत्रको हकमा वन तथा वातावरण मन्त्रालयको सिफारिसपत्र प्रवर्द्धकले पेस गर्नुपर्ने उल्लेख छ ।

कार्यविधिअनुसार विद्युत्को खरिददर निर्धारण गर्दा आयोजनाको लागत, ऋणको ब्याजदर, ह्रासकट्टी, स्वलगानी प्रतिफल, साधारण खर्च, सञ्चालन खर्च, मर्मत खर्च, आम्दानी, कर, थप पुँजी, ऋण र पुँजीको अनुपात, उपकरणको लागत, ब्याट्री सञ्चित क्षमता आदिलाई आधार लिन सकिने छ ।

नेपाल विद्युत् प्राधिकरणले हिउँदको माग सम्बोधन गर्ने लक्ष्यका साथ झण्डै एक हजार मेगावाट क्षमताको सौर्य ऊर्जा परियोजना विकास गर्न प्रक्रिया अगाडि बढाएको छ । निजी क्षेत्रका प्रवर्द्धकलाई बोलकबोलका माध्यमबाट विद्युत् खरिद सम्झौताका लागि प्रस्ताव पेस गर्न प्राधिकरणले आग्रह गरेको थियो ।

सोहीबमोजिम प्रक्रियासमेत अगाडि बढिसकेको छ । आयोजनाको सर्वेक्षणका हकमा सिँचाइयोग्य भूमि रहे/नरहेको सिफारिस कसले गर्ने भन्नेबारेमा केही अस्पष्टता रहँदै आएको थियो । विभागले पछिल्लो कार्यविधिअनुसार उक्त अस्पष्टतालाई सम्बोधन गरिएको स्पष्ट पारेको छ ।

कार्यविधि संशोधनसँगै सौर्य ऊर्जा परियोजना अगाडि बढाउन मार्गप्रशस्त भएको छ । विभागमा कुल सात सय चार मेगावाट क्षमताका ३३ सौर्य परियोजनाले सर्वेक्षण अनुमति लिएका छन् । सात सय १७ मेगावाट क्षमताका ३५ आयोजनाले सर्वेक्षणका लागि आवेदन दिएका छन् । त्यसैगरी ७७ मेगावाट क्षमताका नौ आयोजनाले निर्माणका लागि अनुमति लिएका छन् । यसैगरी निर्माण अनुमतिका लागि ५९ दशमलव छ मेगावाट क्षमताका १० परियोजनाको आवेदन परेको छ ।

विभागका अनुसार हाल एक सय छ दशमलव सात मेगावाट क्षमताका २१ परियोजना सञ्चालनमा छन् । त्यसमध्ये प्राधिकरणले नुवाकोटमा सञ्चालन गरेको सौर्य ऊर्जा परियोजना सबैभन्दा ठूलो रहेको छ । सो आयोजनाको क्षमता २५ मेगावाट बराबर छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय ।**

**कम्पनीको दर्ता खारेजी सम्बन्धी ३५ दिने सूचना ।**

मिति २०७९/०५/१६ गते दर्ता नं. २९७९६४ मा दर्ता भएको **लखी एग्रो फार्म प्रा.लि.** को मिति २०८१/११/०५ मा सम्पन्न विशेष साधारण सभाले कम्पनीको दर्ता खारेजी गरिपाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कसैलाई कुनै रकम तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भत्र हकदावी गर्न नआएमा नियमानुसार उक्त कम्पनिको दर्ता खारेजी गरिने व्यहोरा सम्बन्धित सवैको लागि सूचित गरिन्छ ।

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

# प्रधानमन्त्रीलाई जवाफ पेश गर्न ७ दिनको म्याद




बुटवल। प्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध दायर भएको अदालतको अवहेलनासम्बन्धी मुद्दामा सर्वोच्चले प्रधानमन्त्री ओलीलाई 'अदालतको अवहेलना मुद्दामा किन कारबाही नगर्ने ?' भन्दै प्रश्न गरेको छ। र, यसको जवाफ पेस गर्न ७ दिनको म्याद दिएको छ।

'यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम अदालतको अवहेलनामा किन कारबाही हुनु नपर्ने हो ?' आदेशमा लेखिएको छ, 'कारबाही हुनुनपर्ने कानुनबमोजिमको आधार कारण भए सो आधार कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक ७ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत् लिखित जवाफ पेस गर्नू भनी विपक्षीहरूका नाममा यो आदेश र निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई लिखित जवाफ प्राप्त भए वा अवधि नाघेपछि यस अदालतको संवैधानिक इजलासबाट मिति २०८०।१०।२४ मा आदेश भएको मुद्दाको सक्कल मिसिलसमेत साथै राखी नियमानुसार गरी पेस गर्नू।'

यसअघि गिरीबन्धु प्रकरणमा सर्वोच्चकै संवैधानिक इजलासबाट जारी भएको परमादेशसँग सम्बन्धित मिसिल झिकाइएको छ।

न्यायाधीशद्वय सारंगा सुवेदी र नित्यानन्द पाण्डेयको इजलासमा आइतबार भएको प्रारम्भिक सुनुवाइपछि सोमबार आदेश जारी गरिएको हो।

झापाको गिरीबन्धु टी-स्टेटले चिया खेतीका लागि सरकारसँग हदबन्दी छुट सुविधामा पाएको जग्गा बेचबिखन र सट्टापट्टा गर्न खोजेपछि उत्पन्न विवादमा संवैधानिक इजलासले यसअघि नै निर्णय सुनाइसकेको छ। गत वर्ष माघ २४ मा भएको उक्त निर्णय कार्यान्वयन गर्नुको साटो सर्वोच्चको परमादेशलाई निष्प्रभावी बनाउने उद्देश्यले अध्यादेश ल्याएको भन्दै अधिवक्ता अधिवक्ता ओमप्रकाश अर्यालले अदालतको अवहेलनासम्बन्धी मुद्दा दायर गरेका थिए।

उनले निवेदनमा भूमिसम्बन्धी अध्यादेश ल्याएर सर्वोच्चको परमादेश कार्यान्वयनमा अवरोध गरेको, सर्वोच्च कार्यकारी अधिकारको कपटपूर्ण प्रयोग गरी संवैधानिक प्रणालीप्रति विश्वासघात गरेकोलगायत आरोप लगाएका छन्।

प्रधानमन्त्री ओली र भूमि व्यवस्थामन्त्री अधिकारी पदमुक्त हुन सक्ने गरी आदेश दिन पनि निवेदक अर्यालको माग छ।

अधिवक्ता अर्यालले सर्वोच्चको संवैधानिक इजलासबाट गत वर्ष माघ २४ मा जारी भएको परमादेशको कार्यान्वयनमा प्रधानमन्त्री ओलीले अनवरत रूपमा अवरोध सिर्जना गरेको निवेदनमा उल्लेख गरेका छन्।

सर्वोच्चले हदबन्दी छुट प्रदान गर्दाको अवस्थामा उल्लेख गरिएको सर्तबमोजिमको प्रयोजनमा जग्गाको प्रयोग वा उपयोग नगरी फरक प्रयोजनमा भए वा जग्गा खाली (बाँझो) राखिएको अवस्थाका जग्गाको पहिचान गरी तत्काल र अनिवार्य रूपमा सो हदबन्दीभन्दा बढी देखिएको जग्गा भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम नेपाल सरकारको नाममा प्राप्त गर्न गराउन परमादेश जारी गरेको थियो।

साथै, हदबन्दीभन्दा बढी देखिएको र चिया उद्योगको काममा उपयोगमा नरहेको गिरीबन्धु टी-स्टेट प्रालिका नाममा रहेको झापाको जग्गा भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम नेपाल सरकारका नाममा प्राप्त गर्न गराउन पनि सर्वोच्चको परमादेशमा उल्लेख गरेको थियो।

उक्त परमादेश कार्यान्वयन गर्न मुख्य भूमिका खेल्नुपर्ने प्रधानमन्त्री र भूमि व्यवस्था मन्त्रीले नै अनवरत रूपमा अवरोध गरिरहेको र पछिल्लोपल्ट अध्यादेश ल्याएर थप अवरोध पुऱ्याउने काम गरेको निवेदक अर्यालको आरोप छ।

अन्तर्राष्ट्रिय महिला च्याम्पियनसिपः

# नेपालको विजयी सुरुवात



बुटवल। सोमबारदेखि सुरु अन्तर्राष्ट्रिय महिला फुटबल च्याम्पियनसिपमा नेपालले सुखद सुरुवात गरेको छ।

काठमाडौंको त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सम्पन्न आफ्नो पहिलो खेलमा नेपालले कीर्गिस्तानलाई १-० गोलले पराजित गऱ्यो।

११औं मिनेटमा विमला चौधरीले गरेको एक मात्र गोल खेलको निर्णायक गोल सावित भयो। मैदानको दायाँ भागबाट सविता रानामगरको उपलब्ध गराएको उत्कृष्ट क्रसमा त्यस्तै उत्कृष्ट हेडर गोल गर्दै विमलाले नेपाललाई खेलमा अग्रता दिलाएकी थिइन्।

खेल अवधिभर किर्गिस्तानलाई दबाबमा राखेको नेपालले त्यसपछि भने गोल थप्न सकेन। कम्तीमा आधादर्जनपटक गोलको नजिक पुगेर पनि नेपाली स्ट्राइकर बललाई जाली चुमाउन चुके।

यो जितसँगै नेपालले स्पष्ट तीन अंक हासिल गरेको छ। यसअघि सोमबार दिउँसो भएको खेलमा म्यानमारले लेबनानलाई ३-१ ले हराउँदै विजयी सुरुवात गरेको छ।

# मणिग्राममा ६० लाख लगानीमा यार्सा अर्गानिक हाउस सञ्चालनमा




तिलोत्तमा। विल्कुलै फरक वातावरणमा अर्गानिक परिकार पस्कनेगरी रुपन्देहीको तिलोत्तमा मणिग्राममा यार्सा अर्गानिक हाउस (रेष्टुरेण्ट) सञ्चालनमा आएको छ।

प्रकृतिसँग स्वादको भेट नारासहित कोरियाबाट फर्केका सुरेश क्षेत्री र विष्णु घिमिरेको ६० लाख लगानीमा यार्सा अर्गानिक हाउस मणीग्राम विकास पथमा सञ्चालनमा आएको हो। रेष्टुरेण्टमा आफ्नै टनेल हाउस (बारी)मा उत्पादित अर्गानिक साग, तरकारी, फलफूल, कुखुरा, कालिज, आफ्नै पोखरीको माछा तौलेर किलोग्रामका हिसाबले खरिद गरी आफैंले सस्तो मूल्यमा खान पाउने व्यवस्था मिलाइएको सञ्चालक सुरेश क्षेत्रीले बताए। 'गुणस्तरीय अर्गानिक परिकार सर्वसुलभ दरमा खुवाउने उद्देश्यसहित एकदमै फरक वातावरणमा यार्सा अर्गानिक हाउस सञ्चालनमा ल्याएका हौं,' क्षेत्रीले भने-'रेष्टुरेण्टका पारखीहरुले महँगो मूल्य तिरेर पनि गुणस्तरीय र स्वच्छ परिकार खान पाएका छैनन्, हामीले सस्तो मूल्यमा अर्गानिक परिकार र स्वाद पस्केर ग्राहकको स्वास्थ्य र पैसा समेत बचाइदिने लक्ष्य राखेका छौं।' कोरोना महामारीपछि व्यक्तिहरुमा स्वास्थ्य संवेदनशिलता बढेको र अर्गानिक खानेकुराहरुप्रति रुचि बढिरहेको तथ्यलाई मध्यनजर गरी आफ्नै एक बिघा जग्गामा तरकारी, फलफूल र माछा पालन गरेर ग्राहकलाई ताजा र स्वच्छ परिकार दिने दीर्घकालीन उद्देश्यले ठूलो लगानी गरेको अर्का सञ्चालक विष्णु घिमिरेले बताए।

टनेलभित्र बसेर खाना कुर्दैगर्दा सागपात आफैं टिपेर खान मिल्ने व्यवस्था समेत मिलाएको उनले बताए।

कालिज, लोकल कुखुरा तथा माछा केजीको रुपमा बेच्ने र परिकार पकाएको न्यूनतम शुल्क लिने भएकाले अन्यत्रभन्दा सस्तो पर्ने उनीहरुको भनाइ छ। आइटी विषय अध्ययन गर्दै गरेका विष्णु घिमिरेका छोरा सरोज घिमिरेले पनि हाउसको व्यवस्थापनमा सहयोग गर्दै आएका छन्। होटल क्षेत्रमा १० वर्ष बढीको अनुभव बोकेका सुरेशले अहिले मौषमी र बेमौषमी तरकारीहरु लगाउन १ बिघा क्षेत्रफल जग्गामा टनेल तथा अन्य पूर्वाधारहरु निर्माण गरिरहेका छन्। क्षेत्रीको आफ्नै कालिज फर्म समेत रहेको छ।

यार्सा अर्गानिक हाउस उद्घाटनको अवसरमा सबै सेवामा १० प्रतिशत छुटको प्रबन्ध गरिएको उनले जानकारी दिए। रेष्टुरेण्टमा १३ जनाले रोजगारी पाएका छन्।

नेसपा (नयाँ शक्ति)को प्रथम महाधिवेशनः

# 'पूर्ण लोकतान्त्रिक र समावेशी सहभागितामूलक नेतृत्व चयन'

बुटवल। नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)को हालै सम्पन्न प्रथम राष्ट्रिय महाधिवेशन नेपालका अन्य राजनीतिक दलहरुको महाधिवेशन भन्दा धेरै फरक र उन्नत ढंगले सम्पन्न भएको नव निर्वाचित केन्द्रीय सदस्य शुसिला पुलामी घर्तीले बताएकी छिन्। पार्टीको महाधिवेशनअन्तर्गत नयाँ नेतृत्व चयन प्रकृया पूर्ण लोकतान्त्रिक र समावेशी एवं सहभागितामूलक भएको घर्तीले बताइन्।




महाधिवेशनमा पहिलोपटक विदेशमा बस्ने पार्टीका प्रतिनिधिले अनलाइनमार्फत् मतदान गर्न पाएका, अध्यक्षपछिको उपाध्यक्ष पदमा पहिलोपटक समावेशी समूहबाट चुन्ने व्यवस्था, केन्द्रीय सदस्यमा एउटै क्लस्टररका उम्मेदवारबिच प्रतिस्पर्धा गराइएको, उम्मेदवारलाई 'नो भोट' गर्न पाउने प्रावधानको प्रारम्भ र नेतृत्वमा महिलाको ३३ प्रतिशत सहभागिता र युवाको समेत उल्लेख्य प्रतिनिधित्व व्यवहारमै कार्यान्वयन भएको हुँदा नेसपा नयाँ शक्ति पार्टी विचार, नीति, सिद्धान्त र व्यवहार हरेक कुरामा सच्चा वैकल्पिक पार्टी पुष्टी भएको घर्तीले दाबी गरिन्।

पार्टीको केन्द्रीय सदस्यमा बुटवलका २२ वर्षीय युवा अमित खनाल चुनाव लडेर विजयी हुनुले पार्टीप्रति युवाको आकर्षण बढ्ने घर्तीले दाबी गरिन्।

'नेपाली राजनीतिमा नेसपा नयाँ शक्ति व्यवहारमै अग्रगामी विचार र दर्शनसहितको वैकल्पिक पार्टी भएको छ,' घर्तीले भनिन्-'सबै समावेशी समूहबाट नै प्रतिस्पर्धा गरेर खुल्ला, महिला ३३ प्रतिशत र ४० प्रतिशत युवा जसमा २० प्रतिशत पुरुष युवा र २० प्रतिशत युवा महिलाको सहभागिताले यो पार्टी समानुपातिक समावेशी र युवा तथा महिला निर्णायक तहमा भएको पार्टी हो भन्ने पुष्टी भएको छ।'

अध्यक्ष पदमा आफूले पढाएका विद्यार्थीले प्रतिस्पर्धा गर्दा पनि निर्वाचित अध्यक्ष डा. बाबुराम भट्टराईले कुनै द्वेष नराखी मित्रवत व्यवहार गरेको पनि अनुकरणीय उदाहरण भएको उनले बताइन्। अरु दलमा नेतृत्वमा प्रतिस्पर्धा गर्नेबिच शत्रुको जस्तो व्यवहार हुने, तर नेसपामा त्यो नभएको घर्तीले तर्क गरिन्। '

यो महाधिवेशनले पार्टीमा विधि, पद्दति र समानुपातिक सहभागितालाई सुनिश्चित गरेको छ,' नेतृ घर्तीले भनिन्-'महाधिवेशनपछि आम नेता कार्यकर्तामा उत्साह जागेको छ, पुराना दल र नयाँ भनिएका दलप्रति देशव्यापी वितृष्णा देखिएको छ, यस्तो अवस्थामा नेसपा नयाँ शक्ति अब देशव्यापी संगठन निर्माणमा अघि बढ्छ र २०८४ को चुनावसम्म वैकल्पिक शक्ति बन्छ।'

नेतृ घर्तीले आफूले २०८४ को स्थानीय चुनावमा बुटवल उपमहानगरको नेतृत्व लिने गरी गृहकार्य गरेको समेत खुलाइन्। २०५४ सालदेखि राजनीतिमा क्रियाशील शुसिलाले आफू भुई तहका जनतादेखि उच्च वर्गसम्मका जनताको समस्या राम्रोसँग बुझेको र जनताको सेवामा दिनरात नभनी निःस्वार्थ खटिन सक्ने व्यक्ति भएकाले उद्देश्यमा सफल हुने बताइन्।

महाधिवेशनबाट रुपन्देहीका पंकज राई र कमल खनाल पनि केन्द्रीय सदस्यमा निर्वाचित भएका छन्।

प्रधानमन्त्री कप लुम्बिनी प्रदेशस्तरीय छनोटः

# कपिलवस्तु र रूपन्देहीको जित

भैरहवा। प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि लुम्बिनी प्रदेशस्तरीय छनोटमा सोमबार भएका दुई खेलमा कपिलवस्तु र रुपन्देहीले सानदार जित निकालेका छन्। कपिलवस्तुले पाल्पामाथि २ सय १५ रन र रुपन्देहीले पश्चिम नवलपरासीमाथि १० विकेटको सहज जित निकालेको हो। रुपन्देहीको यो लगातार दोस्रो जित हो भने पाल्पाको लागातार दोस्रो हार हो।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा टस जितेर ब्याटिङ गरेको कपिलवस्तुले निर्धारित ५० ओभरमा ७ विकेटको नोक्सानीमा ३ सय २ रनको विशाल लक्ष्य खडा गर्यो। उसका लागि रामजन अली धुनियाँ र रौनक श्रीवास्तवले शतकीय पारी खेले।

धुनियाँले १ सय २८ र श्रीवास्तबले १ सय १० रन बनाए। यस्तै, शिवकुमार मौर्यले १६, प्रतीक भट्टराईले १५ र मोहम्मद हुसेनले १४ रन जोडे। बलिङमा पाल्पाका नरबहादुर सार्कीले ३, केशब पहारीले २ तथा विपिन भट्टराई र श्रीधर बश्यालले १-१ विकेट लिए।

जवाफमा विशाल लक्ष्य पछ्याएको पाल्पाले २८ ओभर १ बलमा सबै विकेट गुमाउँदा जम्मा ८७ रन मात्रै बनायो। उसलाई सस्तैमा रोक्न कपिलवस्तुका शिव कुँवरले ५, मोहम्मद हुसेनले २ तथा राज अग्रहरी र रमेशकुमार पाठकले १-१ विकेट लिए। पाल्पाका रुपेश बश्यालले २५, श्रीधर बश्यालले १९ र सन्तोष न्यौपानेले १० रन बनाए पनि अन्य ब्याटर नचल्दा टिमले लज्जास्पद हार ब्यहोर्यो। खेलमा कपिलवस्तुका रामजन अली धुनियाँ प्लेयर अफ द म्याच घोषित भए।

यस्तै, तिलोत्तमास्थित एक्स्ट्राटेक ओभल क्रिकेट मैदानमा भएको अर्को खेलमा टस जितेर ब्याटिङ गरेको नवलपरासीले निर्धारित ५० ओभरमा २० ओभर १ बल खेल्दै ५१ रन जोड्दा अलआउट भयो।

उसलाई सस्तैमा रोक्न रुपन्देहीका रमेश कुर्मीले ५ ओभर बलिङ गर्दै ३ मेर्डनसहित २ रन खर्चेर महत्वपूर्ण ६ विकेट लिए। यस्तै, विप्रसन केसीले ३ र सन्देश थापाले १ विकेट हात पारे। नवलपरासीका सम्राट भुसालले १८ र भुवन गैरेले ११ रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रान जोड्न सकेनन्।

रुपन्देहीले जवाफी ब्याटिङ गर्दै १३ ओभर २ बलमा विना क्षति ५२ रन बनाउँदै सहज जित हात पार्यो। उसको जितमा मिर्नाल गुरुङले अविजित २३ र मनिष थापाले नटआउट १९ रनको योगदान गरे। खेलमा रुपन्देहीका रमेश कुर्मी प्लेयर अफ द म्याच भए।

यही फागुन २५ देखि भैरहवाको सिद्धार्थ रंगशाला, तिलोत्तमाको एक्स्ट्राटेक र लमही राष्ट्रिय क्रिकेट मैदानमा प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिता हुँदैछ। उक्त प्रतियोगिताका लागि लुम्बिनी प्रदेशस्तरीय टिम छनोटका लागि जिल्लास्तरको छनोट खेल सुरु भएको हो।

रुपन्देही, पश्चिम नवलपरासी, कपिलवस्तु, पाल्पा, दाङ, बाँके र बर्दिया गरी ७ जिल्लाका टिम सहभागी छनोट खेलबाट प्रत्येक जिल्लाका उत्कृष्ट खेलाडी छनोट गरी लुम्बिनी प्रदेशको एउटा टिम बनाइने प्रादेशिक क्रिकेट संघ लुम्बिनी प्रदेशका अध्यक्ष सञ्जय गुरुङले जानकारी दिए।

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका
साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई
सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१९५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com